# अर्थ बुलेटिन

वर्ष २ अंक ११ २०७८ जेठ

## नेपाल सरकार
## अर्थ मन्त्रालय



### आर्थिक वर्ष २०७७/७८ को जेठसम्मको आर्थिक झलक

- चालु आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म संघीय सरकारी खर्च ३.८ प्रतिशत र राजस्व परिचालन २५.४ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता ४.० प्रतिशतले वृद्धि भएको छ।

- वस्तु निकासीमा ३७.८ प्रतिशतले वृद्धि भएको छ भने वस्तु पैठारीमा समेत २५.७ प्रतिशतले वृद्धि भएको छ। वस्तु पैठारीको आकार ठूलो भएकोले निकासी व्यापारको वृद्धिदर उच्च रहेपनि समग्रमा वस्तु व्यापार घाटा २४.६ प्रतिशतले बढेको छ। बढ्दो व्यापार घाटा तथा सेवा व्यापार समेत उच्च घाटामा रहेको कारण शोधानान्तर स्थिति घाटामा रहेको छ। कोभिड-१९ महामारीको वावजुद पनि विप्रेषण आयमा १२.६ प्रतिशतले वृद्धि भएको छ। विदेशी विनिमय सञ्चिति ४.५ प्रतिशतले बढेको छ।

- ७५० स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर तुलनात्मकरुपमा न्यून रहेको छ। बीमा प्रिमियम सङ्कलन ११.३ प्रतिशतले बढेको छ। नेप्से सूचकाङ्क बढ्दै गएको कारण पूँजी बजारतर्फ लगानीकर्ताहरूको आकर्षण बढेको छ। समग्रमा वित्तीय क्षेत्रका सूचकहरु सकरात्मक रहेका छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को जेठसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई रू. ९ खर्ब १६ अर्ब ८५ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ७ खर्ब ६१ करोड, पूँजीगत खर्च रू. १ खर्ब ४३ अर्ब ९ करोड र वित्तीय व्यवस्था तर्फ रू. ७३ अर्ब १५ करोड रहेको छ। गत आर्थिक वर्षको तुलनामा पुँजीगत खर्चमा सुधार हुँदै गएको भएपनि कोभिड-१९ महामारीको कारण पुँजीगत खर्च अपेक्षाकृत रुपमा न्यून रहेको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको जेठ महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| खर्च विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | ४२५०९.२८ | ६२२१२.२८ | ६०८८५.०८ | ६७०५२.०१ | ७००६१.४१ |
| पूँजीगत | १२०३७.०४ | १६२३०.०२ | १५१४६.८५ | १२६२६.९३ | १४३०८.९४ |
| वित्तीय व्यवस्था | ५९४९.६३ | ७७४२.०६ | ६६१२.९२ | ८६२०.७७ | ७३१५.०५ |
| कुल | ६०४९५.९५ | ८६१८४.३६ | ८२६४४.८५ | ८८२९९.७१ | ९१६८५.४० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु र पूँजीगत खर्च क्रमशः ४.५ प्रतिशत र १३.३ प्रतिशतले बढेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च १५.१ प्रतिशतले घटेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १७२.८३ | १३.३३ | ११.७५ | १९७.९१ | ०.००२ |
| भदौ | ६१५१.५१ | ३६१.९२ | १४५.५३ | ६६५८.९६ | ०.०७३ |
| असोज | ११९३७.५५ | ११२९.३३ | १८४.११ | १३२५०.९९ | ०.१४५ |
| कात्तिक | ४७५०.३१ | १४३९.९४ | ६०८.९२ | ६७९९.१७ | ०.०७४ |
| मङ्सिर | ५०६२.०८ | ६४९.६५ | २२७.०५ | ५९३८.७८ | ०.०६५ |
| पुष | ६१६१.३५ | १४८७.५२ | १०७९.८६ | ८७२८.७३ | ०.०९५ |
| माघ | ६४४५.१९ | १२२०.११ | ७५४.१ | ८४१९.४ | ०.०९२ |
| फागुन | ४९११.०८ | १६८६.५२ | ५३९.५१ | ७१३७.११ | ०.०७८ |
| चैत | ७११२.७३ | २५९५.६३ | २२०८.०२ | ११९१६.३८ | ०.१३० |
| बैशाख | १०३०७.९९ | २००४.३९ | १११३.२५ | १३४२५.६३ | ०.१४६ |
| जेठ | ७०५६.६२ | १७३१.८७ | ४४२.९५ | ९२३१.४४ | ०.१०१ |
| **जम्मा** | **७००६१.४१** | **१४३०८.९४** | **७३१५.०५** | **९१६८५.४०** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. चालु आर्थिक वर्षको जेठसम्मको कुल संघीय सरकारी खर्चमा असोज, बैशाख, चैत र जेठ महिनामा खर्च भार उच्च रहेको छ भने श्रावण महिनामा खर्च भार सबैभन्दा न्यून रहेको छ। त्यसैगरी, असोज र वैशाख महिनामा चालु खर्च उच्च रहेको छ भने बैशाख महिनामा पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च उच्च रहेको छ। चालु आर्थिक वर्षको जेठ महिनासम्म चालु खर्च ७३.८ प्रतिशत, पूँजीगत खर्च ४०.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च ४२.३ प्रतिशत रही समग्रमा ६२.२ प्रतिशत खर्च भएको छ।

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०७७/७८ को जेठसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.४ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब १२ अर्ब ३५ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ७ खर्ब ५८ अर्ब ३७ करोड र गैरकर राजस्व रू. ५३ अर्ब ९८ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति (राजस्व र अन्य प्राप्ति) रू. ८ खर्ब ४९ अर्ब ४२ करोड रहेको छ।

५. गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कर राजस्वमा २८.९ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्वमा ९.२ प्रतिशतले सङ्कुचन आएको छ। यस अवधिमा भन्सार विन्दुमा संकलन हुने राजस्व ४९.७ प्रतिशतले बढेर रू.४ खर्ब ४ अर्ब ९२ करोड पुगेको छ भने आन्तरिकतर्फको राजस्व (अन्य कर सहित) ११.२ प्रतिशतले बढेर रू.३ खर्ब ५३ अर्ब ४६ करोड पुगेको छ। गत आर्थिक वर्षको जेठासम्म कुल कर राजस्वमा भन्सार विन्दुमा संकलन भएको राजस्वको अंश ४६.० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश बढेर ५३.४ प्रतिशत पुगेको छ। वस्तु पैठारीमा वृद्धि भएसँगै भन्सार विन्दुमा संकलन हुने राजस्वमा समेत उल्लेख्य वृद्धि भएको छ।

### तालिका (ग): जेठसम्मको राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०७७/७८ वार्षिक लक्ष्य (संशोधित) | असुली २०७६/७७ | २०७७/७८ जेठसम्मको लक्ष्य | असुली २०७७/७८ | असुली प्रतिशतमा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महसुल** | **१९,७६७.३६** | **१२,२४६.५१** | **१७,७९३.९९** | **१८,२१६.१५** | **१०२.४** | **४८.७** |
| **मूल्य अभिवृद्धि कर** | **२७,०५९.६१** | **१९,१३९.७६** | **२७,०४१.०७** | **२५,१४९.२४** | **९३.०** | **३१.४** |
| उत्पादन, बिक्री, सेवा | ११,१४५.०४ | ७,७१२.७७ | ९,५४८.८८ | १०,२८४.५८ | १०७.७ | ३३.३ |
| पैठारी | १५,९१४.५७ | ११,४२६.९९ | १७,४९२.१९ | १४,८६४.६७ | ८५.० | ३०.१ |
| **अन्तःशुल्क** | **१३,८२७.६३** | **९,०६६.७८** | **१४,५२५.६०** | **१२,१९०.८१** | **८३.९** | **३४.५** |
| आन्तरिक उत्पादन | ८,५८७.२३ | ५,६८७.४० | ९,३२०.१३ | ७,४७५.०० | ८०.२ | ३१.४ |
| पैठारी | ५,२४०.३९ | ३,३७९.३८ | ५,२०५.४७ | ४,७१५.८१ | ९०.६ | ३९.५ |
| **आयकर** | **२४,५७६.५१** | **१६,८११.१६** | **१८,८५५.२७** | **१८,२८५.९८** | **९७.०** | **८.८** |
| आयकर | २१,७६२.०१ | १५,०११.७८ | १६,६३४.७७ | १६,१८१.३३ | ९७.३ | ७.८ |
| ब्याज कर | २,८१४.५० | १,७९९.३८ | २,२२०.५० | २,१०४.६५ | ९४.८ | १७.० |
| **अन्य कर** | **१,९३६.८७** | **१,५७०.९१** | **२,०५२.०२** | **१,९९५.३७** | **९७.२** | **२७.०** |
| **कर राजस्व जम्मा** | **८७,१६७.९७** | **५८,८३५.१३** | **८०,२६७.९४** | **७५,८३७.५५** | **९४.५** | **२८.९** |
| **गैर कर जम्मा** | **८,८००.०४** | **५,९४४.३८** | **८,५९२.६९** | **५,३९७.७४** | **६२.८** | **-९.२** |
| **कूल राजस्व** | **९५,९६८.०१** | **६४,७७९.५१** | **८८,८६०.६४** | **८१,२३५.२९** | **९१.४** | **२५.४** |
| **अन्य प्राप्ति** | **-** | **४,४६८.४९** | **-** | **३,७०६.५६** | | **-१७.१** |
| **जम्मा राजस्व/प्राप्ति** | **९५,९६८.०१** | **६९,२४८.००** | **८८,८६०.६४** | **८४,९४१.८५** | **९५.६** | **२२.७** |

स्रोतः अर्थ मन्त्रालय।

नोटः अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको।

६. चालु आर्थिक वर्षको जेठसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ भने गैर कर राजस्व सङ्कलनमा कमी आएको छ।


७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र भन्सार महसुल शीर्षकको राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। गैरकर राजस्व र अन्तशुल्क सङ्कलन क्रमशः लक्ष्यको ६२.८ प्रतिशत र ८३.९ प्रतिशत मात्र सङ्कलन भएको छ। समग्र राजस्व सङ्कलन लक्ष्यको ९१.४ प्रतिशत भएको छ।

### तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको जेठ महिनासम्मको राजस्व सङ्कलन स्थिति (रू. करोडमा)

| विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| कर | ४८१४५.३८ | ५६८२३.२६ | ६४८०३.७९ | ५८८३७.२७ | ७५८३७.५६ |
| गैरकर | ४५६८.६८ | ६१२५.९२ | ७१३५.५५ | ५९४४.५२ | ५३९७.७४ |
| **कुल राजस्व** | **५२७१४.०६** | **६२९४९.१८** | **७१९३९.३४** | **६४७८१.७९** | **८१२३५.३०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


चार्ट (क): पछिल्लो ५ वर्षको जेठ महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

८. गत आर्थिक वर्षमा कोभिड-१९ महामारीको कारण राजस्व परिचालन सङ्कुचन भएपनि अन्य वर्षहरुमा बढेको छ। आर्थिक वर्ष २०७६/७७ को जेठसम्ममा ९.९ प्रतिशतले ऋणात्मक भएको राजस्व परिचालन चालु आर्थिक वर्षमा २५.४ प्रतिशतले बढेको छ।

चार्ट (ख): पछिल्लो २ वर्षको जेठसम्मको राजस्व सङ्कलन संरचना




स्रोत: अर्थ मन्त्रालय

९. चालू आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्मको कुल राजस्वमा भन्सार महसुल, अन्तशुल्क र मूल्य अभिवृद्धि करको योगदान गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकरको योगदान घटेको छ। गत आर्थिक वर्षको आधार प्रभावको कारण चालु आर्थिक वर्षको जेठसम्म वस्तु पैठारीमा उल्लेख्य वृद्धि भएको कारण वैदेशिक व्यापारमा आधारित कर राजस्वको वृद्धिदर उच्च रहेकोले कुल राजस्व परिचालनमा आयकर र गैरकरको हिस्सा घटेको हो।

## संघीय राजस्व

१०. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ६७ अर्ब २४ करोडको तुलनामा २४.५ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ६ अर्ब ५ करोड पुगेको छ। यस

अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ८० अर्ब ५६ करोडको तुलनामा ३२.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब ६ अर्ब ३० करोड पुगेको छ।

## करको दायरा विस्तार

११. २०७८ जेठसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ४० लाख ५९ हजार २ सय ६९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ९३ हजार ८ सय ९६ (३९.३ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २४ लाख ५६ हजार १ सय ४७ (६०.५ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ९ हजार २ सय २६ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ८८ हजार ९ सय ८४ र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख ११ हजार ५ सय २ पुगेको छ।

### तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७७ असारसम्म | आ.व. २०७६/०७७ को जेठसम्ममा थप | आ.व. २०७७/७८ को जेठसम्ममा थप | २०७८ जेठसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १३५८९३४ | १८५६४९ | २३४९६२ | १५९३८९६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७३४५२ | ९२६३०१ | ४८२६९५ | २४५६१४७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ५१०६ | ३८८९ | ४१२० | ९२२६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **३३३७४९२** | **१,११५,८३९** | **७२१,७७७** | **४,०५९,२६९** |
| मू.अ.कर | २५५९६३ | ४१३५२ | ३३०२१ | २८८९८४ |
| अन्तः शुल्क | ९४२९२ | १९४८६ | १७२१० | १११५०२ |

स्रोतः आन्तरिक राजस्व विभाग

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता

१२. आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म वैदेशिक सहायता प्रतिबद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब ९४ अर्ब ४२ करोडको तुलनामा ४.० प्रतिशतले वृद्धि भई रू. २ खर्ब २ अर्ब २९ करोड पुगेको छ। उक्त प्रतिबद्धतामध्ये अनुदान सहायता ११.० प्रतिशत र ऋण सहायता ८९.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ११.७ प्रतिशत र ८८.३ प्रतिशत रहेको थियो।

१३. चालु आर्थिक वर्षको जेठ महिनासम्मको वैदेशिक सहायता प्रतिबद्धतामा द्विपक्षीय र बहुपक्षीय सहायताको हिस्सा क्रमशः ४.७ प्रतिशत र ९५.३ प्रतिशत रहेको छ।

१४. अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी हिस्सा विश्व बैङ्क समूह र एशियाली विकास बैङ्कको क्रमशः ५८.८ प्रतिशत र ३२.५ प्रतिशत रहेको छ।

१५. अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धतामध्ये सडक क्षेत्रमा सबैभन्दा बढी २६.७ प्रतिशत, ऊर्जा क्षेत्रमा २२.९ प्रतिशत र बजेटरी सहायताको रूपमा ११.७ प्रतिशत रहेको छ।

१६. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रू. १५ अर्ब १२ करोड अनुदान र रू. ८० अर्ब २२ करोड ऋण गरी कुल रू ९५अर्ब ३४ करोड वैदेशिक सहायता प्राप्त भएको छ।

### तालिका (ङ): २०७८ जेठमसान्तसम्मको क्षेत्रगत विकास सहायता प्रतिबद्धताको अवस्था (रू. करोडमा)

| क्षेत्र | प्रतिबद्धता रकम | प्रतिशतमा |
|---|---|---|
| शिक्षा | ४४६.२२ | २.२ |
| ऊर्जा | ४६२६.०९ | २२.९ |
| पुनर्निर्माण | ६०.०० | ०.३ |
| शहरी विकास | १७७६.३० | ८.८ |
| सडक | ५४००.०० | २६.७ |
| खानेपानी तथा सरसफाइ | ७१७.२५ | ३.५ |
| कृषि | १०६५.८८ | ५.३ |
| कोभिड-१९ | १००७.४६ | ५.० |
| स्वास्थ्य | ४४९.७६ | २.२ |
| वन तथा वातावरण | ४५२.८२ | २.२ |
| क्षमता विकास | १७७६.३० | ८.८ |
| बजेटरी सहायता | २३६८.४० | ११.७ |
| समावेशी विकास | ८२.४९ | ०.४ |
| **कुल** | **२०२२८.९८** | **१००.०** |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१७. २०७८ जेठसम्म कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.५० प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.२५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.८१ प्रतिशत र ६.८५ प्रतिशत रहेको थियो।

१८. २०७८ जेठसम्म ७५० स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। २०७७ जेठमा यस्तो सङ्ख्या ७४६ रहेको थियो। २०७७ जेठसम्ममा बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या १६३ रहेकोमा गाभिने प्रक्रिया पश्चात् २०७८ जेठमसान्तमा यस्तो सङ्ख्या १३८ कायम भएको छ। २०७७ जेठ मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९, ७१६ रहेकोमा २०७८ जेठमसान्तमा यस्तो सङ्ख्या १०,६११ पुगेको छ। यस अवधिमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ४.७२ प्रतिशत र ८.४६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो ब्याजदर क्रमश ६.१७ प्रतिशत र १०.४३ प्रतिशत रहेको थियो।

### तालिका (च): जेठसम्मका वित्तीय परिसूचक

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९२.७ | १००.० | ११४.४ |
| कुल कर्जा | ८३.४ | ८६.१ | १०४.२ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.८ | १.८ | १.५ |
| विपन्न क्षेत्र कर्जा | ६.७ | ६.९ | ८.३ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १७६ | १६३ | १३८ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ८५६४ | ९७१६ | १०६११ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७३० | ७४६ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २६९.१० | ३१८.८६ | ३६३.६६ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.२८ | १५.२५ | १६.८३ |
| एटिएम (सङ्ख्यामा) | ३१८८ | ३९४५ | ४३०० |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.६४ | ६.१७ | ४.७२ |
| कर्जा | १२.२० | १०.४३ | ८.४६ |

स्रोतः नेपाल राष्ट्र बैङ्क

## बीमा क्षेत्र

१९. चालु आर्थिक वर्षको जेठ महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.० प्रतिशतले वृद्धि भई १ करोड ९ लाख ३३ हजार ४८ पुगेको छ। जसमध्ये जीवन बीमालेख र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ७७.५ प्रतिशत र २२.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको जेठ मसान्तमा यस्तो हिस्सा क्रमशः ८२.० प्रतिशत र १८.० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा ५१.८ प्रतिशतले कमी आएको छ।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३९.८१ प्रतिशतले वृद्धि भई रू.१ खर्ब २८ अर्ब ८६ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू.९२ अर्ब १७ करोड रहेको थियो।


२१. यस अवधिको बीमा प्रिमियम सङ्कलनमा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.४ प्रतिशत र २०.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको बैशाख मसान्तमा यस्तो हिस्सा क्रमशः ७५.७ प्रतिशत र २४.३ प्रतिशत रहेको थियो।

२२. २०७८ जेठसम्म वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २६.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यो सङ्ख्या २७.१ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२३. २०७७ जेठ मसान्तमा १२६९.६३ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ जेठ मसान्तमा ३०२५.८३ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १७४.४ प्रतिशतले वृद्धि भई रू.४२ खर्ब १६ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू.१५ खर्ब ३६ अर्ब ४२ करोड रहेको थियो।


### चार्ट (ग): पछिल्लो ५ वर्षको जेठ मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२४. २०७८ जेठ २ गते २७३८.५० विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः वृद्धि हुँदै कारोबार भएको अन्तिम दिन जेठ ३१ गते ३०२५.८३ विन्दु कायम भएको छ।

### चार्ट (घ) २०७८ जेठ महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२५. वार्षिक बिन्दुगत आधारमा २०७८ जेठमा उपभोक्ता मुद्रास्फीति ४.१९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.५४ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.२२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति २.६३ प्रतिशत रहेको छ।

२६. २०७७ जेठको तुलनामा २०७८ जेठमा घ्यू तथा तेल उपसमूहको मूल्यवृद्धि ३०.९८ प्रतिशत, सूर्तीजन्य वस्तुहरूको मूल्य वृद्धि ९.८४ प्रतिशत, गैर मदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि ९.८१ र यातायात उपसमूहको मूल्यवृद्धि ९.७० प्रतिशत रहेको छ।

२७. चालु आर्थिक वर्षको जेठसम्म औसत उपभोक्ता मुद्रास्फीति ३.५५ प्रतिशत रहेको छ। जसमध्ये खाद्य तथा पेय पदार्थको औसत मुद्रास्फीति ४.९३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति २.४७ प्रतिशत रहेको छ।

## वस्तु निकासी

२८. आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.८ प्रतिशतले वृद्धि भई रू.१ खर्ब २१ अर्ब २५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू.८८ अर्ब रहेको थियो।

२९. यस अवधिमा भटमासको प्रशोधित तेल, अलैंची, जमोठ कपडा, चिया, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ भने पाम आयल, दाल तथा गेडागुडी लगायतका वस्तुको निकासी घटेको छ।

३०. चालु आर्थिक वर्षको जेठसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ७४.४ प्रतिशत, ०.८ प्रतिशत र २४.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७१.५ प्रतिशत, १.३ प्रतिशत र २७.२ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत तर्फको वस्तु निकासी मूल्यगत आधारमा ४३.३ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी १७.४ प्रतिशतले घटेको छ।

### तालिका (छ): जेठ महिनासम्म निकासी भएका प्रमुख १० वस्तु

(रू. करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १०१२.८९ | ४२३४.७४ | ३१८.१ |
| सेन्थेटिक यार्न | ६६२.२४ | ७१६.९८ | ८.३ |
| अलैची | ३४६.१ | ६७०.३८ | ९३.७ |
| उनी गलैंचा कार्पेट | ५५०.६६ | ६४७.२७ | १७.५ |
| तयारी कपडा | ४०४.३१ | ४६२.८१ | १४.५ |
| फलफुलको जुस | ३१२.२६ | ३८२.७० | २२.६ |
| जुटका बुनिएका कपडा | २७४.५८ | ३७९.८१ | ३८.३ |
| जमोठ कपडा | १८५.४९ | ३५६.०९ | ९२.० |
| चिया | २०६.५४ | ३५३.६९ | ७१.२ |
| अन्य कपडा (उनी,सुती,टेरीकटन बाहेकका) | २६४.३० | २९६.२० | १२.१ |
| अन्य | ४५८०.७६ | ३६२४.६७ | -२०.९ |
| **जम्मा** | ८८००.१३ | १२१२५.३४ | ३७.८ |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

३२. चालु आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.७ प्रतिशतले बढेको छ। यस अवधिमा कुल वस्तु पैठारी रू.१३ खर्ब ८३ अर्ब ३६ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी रू.११ खर्ब ८१ करोड रहेको थियो।

### तालिका (ज): जेठ महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू

(रू. करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७८२१.९२ | ७९४५.०४ | १.६ |
| एम.एस.विलेट | ३८२७.४८ | ६५३९.८९ | ७०.९ |
| भटमासको तेल कच्चा | १६१६.९३ | ४५५९.९४ | १८२.० |
| मोवाइल टेलिफोन | १५७४.५५ | ३४१४.८५ | ११६.९ |
| एल पि ग्यास | २८९९.५२ | ३३१५.२४ | १४.३ |
| पेट्रोल | २६५५.०० | २८८०.०२ | ८.५ |
| तयारी कपडा | २२५६.०१ | २७७७.९८ | २३.१ |
| चामल | २०४७.०३ | २६०४.०७ | २७.२ |
| पोलीथिन दाना | १७४५.३५ | २४७०.६५ | ४१.६ |
| एच.आर.सिट | २२१२.६१ | २४१७.६३ | ९.३ |
| अन्य | ८१४२४.८० | ९९४११.१० | २२.१ |
| **जम्मा** | **११००८१.२०** | **१३८३३६.४१** | **२५.७** |

स्रोतः भन्सार विभाग

३३. यस वर्ष प्रशोधित भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एम. एस. विलेट, अन्य कोइला, पोलिथिन दाना, चामल लगायतका वस्तुको पैठारी बढेको छ भने पाम आयल, ए.टी.एफ., भटमास गेडा लगायतका वस्तुको पैठारी घटेको छ।


३४. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६४.१ प्रतिशत, १५.२ प्रतिशत र २०.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.९ प्रतिशत, १५.४ प्रतिशत र २३.७ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारतबाट हुने वस्तु पैठारी ३२.२ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट हुने पैठारी २४.० प्रतिशतले वृद्धि भएको छ।

## व्यापार सन्तुलन

३६. आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.६ प्रतिशतले वृद्धि भई रू. १२ खर्ब ६२ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा १६.४ प्रतिशतले सुधार भई रू. १० खर्ब १२ अर्ब ८१ करोड रहेको थियो।


**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको जेठ मसान्तसम्मको वस्तु व्यापार घाटाको स्थिति** (रू. अर्बमा)




स्रोतः भन्सार विभाग

३७. विगत पाँच आर्थिक वर्षको जेठसम्मको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७७ जेठसम्ममा वस्तु व्यापार घाटा १६.४ प्रतिशतले सुधार भएको छ भने अन्य आर्थिक वर्षमा वृद्धि भएको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३८. चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ८.१ प्रतिशत र ९१.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.४ प्रतिशत र ९२.६ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०७७/७८ को जेठसम्म कुल सेवा आय गत वर्षको सेवा आय रू.१ खर्ब ४५ अर्ब ७६ करोडको तुलनामा ४६.१ प्रतिशतले सङ्कुचन भई रू.७८ अर्ब ६२ करोड रहेको छ। साथै यस अवधिको सेवा खर्च अघिल्लो वर्षको जेठसम्मको रू.१ खर्ब ४६ अर्ब ९९ करोडको तुलनामा ७.० प्रतिशतले सङ्कुचन भई रू.१ खर्ब ३६ अर्ब ७२ करोड रहेको छ।

४०. चालु आर्थिक वर्षको जेठसम्म खुद सेवा आय रू. ५८ अर्ब १० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.१ अर्ब २३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. आर्थिक वर्ष २०७७/७८ को जेठसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब ७३ अर्ब ६६ करोडको तुलनामा १२.६ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ७० अर्ब ९४ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३.२ प्रतिशतले सङ्कुचन भएको थियो।

४२. चालु आर्थिक वर्षको जेठसम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५९.९ प्रतिशतले घटेर ७७ हजार ७ सय ९९ रहेको छ। त्यसैगरी यस अवधिमा पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या ४७.१ प्रतिशतले सङ्कुचन भई ९२ हजार ८ सय ५३ रहेको छ। कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा उच्च सङ्कुचन आएको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. चालु आर्थिक वर्षको बैशाखसम्म शोधानान्तर स्थिति वचतमा रहेकोमा जेठसम्म आइपुग्दा भने शोधनान्तर स्थिति रू. १५ अर्ब १५ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही

अवधिमा शोधनान्तर स्थिति रू.१७९ अर्ब ३७ करोडले बचतमा रहेको थियो। विशेषगरी, वस्तु पैठारीमा भएको उच्च वृद्धि तथा खुद सेवा आय उच्च घाटामा रहेको कारण वस्तु निकासी र विप्रेषण आयमा वृद्धि हुँदा समेत यस अवधिमा शोधानान्तर स्थिति घाटामा गएको छ। त्यसैगरी यस अवधिमा चालु खाता रू.२ खर्ब ९३ अर्ब ९७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. ६२ अर्ब ५९ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४४. २०७७ जेठसम्म रू.१३ खर्ब ६ अर्ब ४६ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७८ जेठसम्म ४.५ प्रतिशतले बढेर १३ खर्ब ६५ अर्ब ६५ करोड पुगेको छ। यद्यपि, वढ्दो वस्तु पैठारीको कारण पछिल्ला महिनाहरुमा विदेशी विनिमय सञ्चिति घट्दै गएको छ।

४५. आर्थिक वर्ष २०७७/७८ को जेठसम्मको पैठारीलाई आधार मान्दा यस अवधिको विदेशी विनिमय सञ्चितिले ११.१ महिनाको वस्तु पैठारी र १०.१ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४६. २०७७ असारमसान्तको तुलनामा २०७८ जेठमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ३.२ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११६.६२ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि


## पर्यटक आगमन

४७. सन् २०२१ को जुन महिनासम्म (जनवरी देखि जुन सम्म ६ महिनाको अवधि) मा नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२० को सोही अवधिको तुलनामा ७३.७ प्रतिशतले न्यून भई ५८ हजार ४० रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्या २ लाख २० हजार ८ सय १५ रहेको थियो। यस अवधिको पर्यटन क्षेत्रको आयमा ८८.६ प्रतिशतले गिरावट आई रू ६ अर्ब ६६ करोड कायम भएको छ।

## कम्पनी दर्ता

४८. आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४४.५ प्रतिशतले वृद्धि भई २५ हजार ४ सय ३६ पुगेको छ। कोभिड-१९ महामारीको बाबजुद आर्थिक क्रियाकलापमा वृद्धि भएको छ।

चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## नीतिगत तथा कानूनी विषय र राय परामर्श

४६. कोभिड-१९ बाट सङ्क्रमित बिरामीहरुको उपचारमा प्रयोग हुने रेमडिसिभिर (Remdesivir) औषधिको पैठारीमा लाग्ने सम्पूर्ण कर, महशुल एवम् शुल्क पूर्ण रुपमा छुट दिने सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशनका लागि मिति २०७८ जेठ ३ मा मुद्रण विभागमा पठाईएको ।

४७. मिति २०७८ जेठ १५ मा आर्थिक अध्यादेश, २०७८ विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ नेपाल राजपत्रमा प्रकाशन गरिएको।

४९. मिति २०७८ जेठ १७ मा मूल्य अभिवृद्धि कर (तेईसौं संशोधन नियमावली, २०७८, अन्तःशुल्क (बाईसौं संशोधन) नियमावली, २०७८, भन्सार (बाह्रौं संशोधन) नियमावली, २०७८ र आयकर (बाह्रौं संशोधन) नियमावली, २०७८ राजपत्रमा सूचना प्रकाशनका लागि मुद्रण विभागमा पठाईएको।

## मन्त्रालयका गतिविधि

५०. मिति २०७८ जेठ १४ गते अर्थ मन्त्रालयमा आर्थिक सर्वेक्षण २०७७/७८ तथा सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७८ प्रकाशन गरी सार्वजनिक गरिएको।

५१. मिति २०७८ जेठ १५ गते आगामी आर्थिक वर्ष २०७८/७९ को आय व्ययको जानकारी वक्तव्य तर्जुमा गरी सार्वजनिक गरिएको।

५२. मिति २०७८ जेठ १९ गते अर्थ मन्त्रालयद्वारा आगामी वर्षको बजेट कार्यान्वयन सम्बन्धमा भुमि व्यवस्था, वन, पर्यटन, महिला र कृषि मन्त्रालयसँग छलफल सम्पन्न भएको छ। सो बैठकमा मन्त्रलयहरुबीच समन्वय हुनुपर्नेमा जोड दिइएको छ। साथै अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनबीच बैठक बसी आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा

उल्लेखित छुट तथा सुविधाको कार्यान्वयन सुरु गर्ने निर्णय गरेको छ।

५३. मिति २०७८ जेठ २३ गते अर्थ मन्त्रालयद्वारा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स तथा नेपाल बैङ्कर्स एशोशियसनका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी स्टार्टअप व्यवसाय र कार्यस्थलमा आधारित तालिम तथा रोजगारी कार्यक्रम सम्बन्धी गृहकार्य गर्न कार्यदल गठन गरेको छ।

## अन्य गतिविधि

५४. मिति २०७८ जेठ ३ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक, भन्सार कार्यालयका प्रमुखहरुसँग छलफल सम्पन्न गर्नुभयो। सो बैठकमा उहाँले कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित सामग्रीहरुको भन्सार जाँचपास छिटो र छरितो बनाउन निर्देशन दिनुभयो।

५५. मिति २०७८ जेठ १६ बजेट प्रस्तुतपछिको पत्रकार सम्मेलनमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले व्यवस्थित योजना बनाएर बजेट कार्यान्वयन गर्ने बताउनु भयो।

५६. मिति २०७८ जेठ २५ गते माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा नेपाल धितोपत्र बोर्डको २९ औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुभयो। उहाँले लगानीकर्ताको लगानी सुरक्षित हुने गरी पूँजी बजारको विस्तार हुने वातावरण तयार पार्न निर्देशन दिनुभयो।

५७. मिति २०७८ जेठ २६ गते माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल वातावरण पत्रकार समूहद्वारा खानीजन्य सामग्रीबारे आयोजना गरेको छलफल कार्यक्रममा चुरे संरक्षण विरुद्धमा कुनै सम्झौता नहुने बताउनु भयो।

५८. मिति २०७८ जेठ ३१ गते बजेटमा धेरै माग सम्बोधन गरिएको भन्दै नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीद्वारा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई धन्यवाद व्यक्त गर्नु भयो। सो अवसरमा माननीय उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गुणस्तरीय र समयमा काम सम्पन्न गर्ने गरी काम गर्न आग्रह गर्नुभयो।